आज मिति २०७४ साल माघ १६ गते यस मकवानपुर गढी गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाईं ज्यू को अध्यक्षतामा बस्दा तपशिल बमोजिम को उपस्थिती गरियो ।

उपस्थिती :-

१. अध्यक्ष श्री बिदुर हुमागाईं
२. उपाध्यक्ष श्री हर्कमायाँ खम्बा
३. सदस्य श्री आइतसिं लो
४. सदस्य श्री बखान सिंह पाख्रिन
५. सदस्य श्री भागवत घिमिरे
६. सदस्य श्री राम प्रसाद लिमलिसना
७. सदस्य श्री जीत बहादुर घिमिरे
८. सदस्य श्री टिका प्रसाद दाहाल
९. सदस्य श्री सूर्य ब० खम्बा
१०. सदस्य श्री कुमार सिं घिसिङ
११. सदस्य श्री चिनीमायाँ लुङ्वा
१२. सदस्य श्री निर्मला विश्वकर्मा
१३. सदस्य श्री मञ्जु योन्जन
१४ सदस्य श्री बुद्धीमाया योन्जन

Scanned with CamScanner

१५. सदस्य श्री पातली मायाँ गोले

१६. सदस्य श्री सुरेन्द्र थुनाा

१७. सदस्य सचिव प्र.प्र.अ. श्री भिनराज कोइराला

१८. बैंक माइन्यू र व्यवस्थापन प्रमुख श्री युवराज पौड्याल

ब. छलफलका विषयहरु :-

१. संघ र प्रदेशको क्षेत्र निर्धारणबाट उत्पन्न समस्याको सम्बन्धमा
२. गाउँ पालिका स्तरीय गुनासो कार्यान्वयन समिति गठन सम्बन्धमा
३. सामरीखोला प्रभावित बस्ती संरक्षणको DPR तयार गरी योजना मा समावेश गर्न अनुरोध गर्ने सम्बन्धमा
४. गाउँपालिका प्रतिनीधिको अख्तीयारी दिने सम्बन्धमा
५. कर्मचारीको सेवा सुविधाका सम्बन्धमा :-
६. बाटो मर्मत योजनाको सम्बन्धमा
७. वाणिज्य बैंक संग कारोबार गर्न बैंक छनौट गर्ने सम्बन्धमा

<u>निर्णयहरु</u> :-

निर्णय नं. १ प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा नेपाल सरकार संघीय निर्वाचन तथा प्रदेश निर्वाचन क्षेत्र निर्धारण आयोगले यस मकवानपुरगढी गाउँपालिकालाई प्रदेश निर्वाचन क्षेत्रको १ र २ मा संघीय निर्वाचन क्षेत्रको निर्वाचन क्षेत्र नं. १ र २ मा पारी क्षेत्र निर्धारण भएको प्रति यस मकवानपुरगढी गाउँपालिका असहमती प्रकट गरदछ, यसरी क्षेत्र निर्धारण हुँदा यस भेगको आर्थिक, सामाजिक तथा भौतिक विकासमा प्रत्यक्ष प्रभाव पर्न जाने यस भेगबाट प्रदेश र संघमा निर्वाचित भएर जाने जन प्रतिनिधी हरु धेरै जना हुने भएको हुँदा समन्वय र सहकार्य गर्न ज्यादै कठिन हुने निर्वाचित प्रतिनीधिहरुको ध्यान यस भेगमा स्वभाविक कम हुने, हिजो मिल्ला

भैन्नै स्थानीय निकाय गा०वि०स० हुँदा यस भेगका बासिन्दाको यादि एको भावना स्थानीय तहको पुनसंरचना हुँदा एउटै स्थानीय तहमा पर्दा एका एक जोडिन लाउँदै गर्दा पुनः केन्द्रको यस प्रकारको भिन्ना भिन्नै क्षेत्रमा पार्ने निर्णयले यस भेगका आम जनताको भावनामा पुर्ण रुपले खेलवाड भएको महसुस भएको हुँदा यस मकवानपुर(गढी) गाउँपालिका लाइ प्रदेश निर्वाचन क्षेत्रको जुन भए पनि एउटै निर्वाचन क्षेत्रमा पर्ने गरी त्यसै गरी संघीय निर्वाचन (प्रतिनीधि सभा) क्षेत्रको पनि जुन भए पनि एउटै निर्वाचन क्षेत्रमा पर्ने गरी क्षेत्र निर्धारण आयोगको निर्णय सच्याइ उक्तानुसार हुन अनुरोध गर्दै सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष ज्ञापन-पत्र बुझाउने निर्णय सर्व सम्मतबाट गरियो-।

निर्णय नं० २ प्रस्ताव नं० २ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुर(गढी) गाउँपालिकामा बसोबास गर्ने २०७२ वैशाख १२ को महाभुकम्पबाट प्रभावित भएका तर नेपाल सरकार बाट भएको तथ्याङ्क सङ्कलन कार्यमा लाभग्राही सूचीमा नपरेका भुकम्प पिडितहरुले आफूहरु पनि भुकम्प पिडित नै भएकोले भुकम्प पिडित लाभग्राही हुन पाउँ भनी साविकमा पेश गरेको गुनासो, र हाल छुट फुट दर्ता गराएको गुनासोको सुनुवाइको लागि नेपाल सरकारको निर्णयले स्थानीय तह स्तरमा नै अधिकार सहित समितिको निर्धारण गरेको हुँदा उक्त प्रयोजन को लागि यस मकवानपुर(गढी) गाउँ पालिकाको लागि यस गाउँपालिकाका अध्यक्ष श्री विदुर हुमागाइ ज्यू को संयोजकत्वमा निम्न सदस्य रहेको गुनासो सुनुवाइ तथा कार्यान्वयन समिति गठन गर्ने सर्व-सम्मत निर्णय गरियो-।

गुनासो सुनुवाइ तथा कार्यान्वय समिति:-

क. श्री विदुर हुमागाई (संयोजक)
ख. श्री हक माया रुम्बा (सह संयोजक)
ग. श्री सुरज यादव (प्रा०इ० सदस्य)
घ. श्री प्रहरी इन्चार्ज (नजिकको प्र० इकाई सदस्य)
ङ. श्री मीनराज कोइराला (का०अ० सदस्य सचिव)

Scanned with CamScanner

निर्णय नं. ३ प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा यस मध्यबिन्दुपुरगढी गाउँपालिकाको बिचभाग हुँदै बग्ने सामरी खोलाको आसपासमा व्यापक खेति योग्य जमिन भएको र त्यस क्षेत्रमा ठूलो संख्यामा मानव बस्ती भएको, बर्षायाममा बढेर आउने उक्त खोलाले यस भेगको खेती योग्य जमिन त्यसमा लगाएको बाली तथा मानव बसोबास क्षेत्रलाई समेत बर्षेनि व्यापक क्षती पुऱ्याइ रहेको हुँदा त्यस प्रकारको हानी नोक्सानीलाई दिर्घो रुपले रोकथाम गर्ने र बस्ती संरक्षणको स्थाइ सामाधान खोज्नु कुनै कस्तो प्रकृया आवश्यक छ भन्ने विस्तृत प्रतिवेदनको आवश्यकता महसुस भएको हुँदा त्यसको स्थाइ सामाधानको लागी विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरी केन्द्रीय योजनामा समावेश गर्न अनुरोध गर्दै जल उत्पन्न प्रकोप नियन्त्रण, ३ नं. डिभिजन कार्यालय हेटौडा लाई पत्राचार गर्ने निर्णय सर्व सम्मतबाट पारित गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल हुँदा यस गाउँपालिकाको वडा नं. ५ सिम्लटारमा कुखुराको चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग स्थापना गर्न सम्बन्धित उद्योगीले दिएको निवेदनको माग अनुसार यस गाउँपालिकाको वडा नं. ५ को वडा कार्यालयबाट आवश्यक सम्पूर्ण प्रकृयाहरु पुरागरी उद्योग स्थापनाको प्रकृया अगाडि बढाइदिन घरेलु तथा साना उद्योग कार्यालय, हेटौडालाई सिफारिस भएको प्रति प्रस्तावित त्यस उद्योग आसपासका केही बासिन्दाले त्यस सिफारिस प्रति चित्त नबुझी सम्मानित पाटन उच्च अदालत हेटौडा इजलासमा मुद्दा दर्ता गरेको जानकारी भएकोले प्रतिवादीको तर्फबाट त्यस मुद्दाको सम्पूर्ण कारवाही किनारामा सहभागि हुन यस गाउँ पालिकाको प्रतिनीधीमा यस गाउँ पालिकाका कार्यकारी अधिकृत श्री मिनराज कोइरालालाई तोक्ने निर्णय सर्व सम्मतबाट पारित गरियो।

निर्णय नं० ५ प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका कार्यालय तथा मातहतका वडाहरुमा कार्यरत कर्मचारीलाई थप सेवा सुविधा दिने सम्बन्धमा के कस्तो व्यवस्था गर्न सकिने हो सो को सम्बन्धमा निर्णय गरी प्रतिवेदन पेश गर्न

Scanned with CamScanner